श्री

# स्याङ्जा जिल्ला अदालत

(प्रशासन शाखा)

आ.व. – ०७७/०७८

चलानी नं.

मिति :-२०७८।०१।२०

## मिति २०७८।०१।२० मा जारी भएको सूचना!!!

नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहरको रोकथाम तथा नियन्त्रण सम्वन्धमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते बिहान ६ बजेदेखी २०७८।०१।३१ गते राती १२ बजेसम्म स्याङ्जा जिल्ला भर लागु हुने गरी मिति २०७८।०१।१९ मा जारी भएको आदेशको बुँदा नं. १ मा "निषेधाज्ञा अवधीभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै ब्यक्ती घर बाहिर ननिस्कने" र बुँदा नं. ७ मा "स्वास्थ्य, सुरक्षा, संचार बिद्युत, खानेपानी , दमकल, बैक तथा बित्तिय संस्थाहरूवाट प्रवाह हुन सेवा बाहेक अन्य सरकारी तथा गैर सरकारी कार्यालय तथा निकायहरूवाट प्रदान गरिने सबै प्रकारका सेवाहरू बन्द गर्ने" भन्ने उल्लेख भएको साथै सम्मानित सर्बोच्च अदालतको मिति २०७८।०१।१४ मा जारी प्रेस बिज्ञप्तीको बुँदा नं. २ मा उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरूको हकमा स्थानीय परिस्थिती एवं जोखिमको अवस्थाको मुल्याङ्कनको आधारमा उपयुक्त देखीएको काम कारबाही र सेवाप्रवाहको ब्यवस्था सम्बन्धित अदालत तथा न्यायाधिकरणहरूले मिलाउने भन्ने उल्लेख भए बमोजिम हालको परिस्थितीमा सेवाग्राही तथा कानून ब्यवसायी समेतको उपस्थितीको असहजता एवं कोभिड संक्रमणको जोखिम न्यूनिकरण गर्नुपर्ने आवश्यकतालाई मध्येनजर गर्दै यस अदालतवाट प्रवाह हुने सेवा मध्ये मिति २०७८।०१।२१ देखी २०७८।०१।३१ गतेसम्म निम्न प्रकारका सेवाहरूमात्र प्रवाह गर्ने र अन्य सेवा स्थगन गर्ने गरी यस अदालतको मिति २०७८।०१।२० मा भएको निर्णय सम्बन्धित सरोकारवालाहरूलाई सूचित गरिन्छ।

१. **सेवा प्रवाह हुने कार्यहरू**

- बन्दीप्रत्यक्षीकरणको निबेदन
- कोभिड-१९ सँग सम्बन्धित निबेदन दर्ता र सुनुवाई सम्बन्धी कार्य
- अभियुक्त हिरासतमा रहेका मुद्दाको अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेशको कार्य
- पक्राउ पूर्जी जारी गर्ने , पक्राउ पूर्जीको अनुमती, जरूरी पक्राउ पूर्जी सदर र म्याद थप सम्बन्धी कार्य, कल डिटेल्स अनुमती दिने कार्य
- कसुर कायम भई सजाय निर्धारणको लागि तोकिएका सरकारवादी फौजदारी मुद्दाहरूको सुनुवाई

२. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको उक्त अबधी भित्रको मुद्दा, रिट तथा निबेदनहरूमा रहेको हदम्याद , म्याद तारेख नगुज्रीने।

**पुनश्च – यसवाट सेवाग्राहीमा पर्न गएको असुबिधाको लागि स्याङ्जा जिल्ला अदालत क्षमा प्रार्थी छौ।**

**आफु सुरक्षीत बनौ अरूलाई पनि सुरक्षित राखौ**